# शिक्षा लेख सँगालो

*(आम सञ्चार माध्यमहरूको प्रयोजनका लागि मात्र)*

**वर्ष २, अङ्क १७, २०६१ कात्तिक (October 2004)**

## यस अङ्कमा

| | | | |
|---|---|---|---|
| १) | रोल्पा : सूचनाविहीन समुदाय | राजाराम गौतम | पृष्ठ २ |
| २) | कालिकोट शिक्षाको कालो पाटो | कलेन्द्र सेजुवाल | पृष्ठ ३ |
| ३) | नाम मात्रैको अनौपचारिक शिक्षा | प्रकाश सिलवाल | पृष्ठ ४ |
| ४) | अनपढ आमाहरूको सन्तान पढाउने धोको | बिमला तुम्खेवा | पृष्ठ ५ |

शिक्षालाई अरू क्षेत्रभन्दा कम महत्व दिन नहुने निष्कर्षमा पुगेका छन् समाचारपत्रहरू। यद्यपि शिक्षामा स्तरीय फिचर लेखहरूको अभाव खट्किएकै छ। *शिक्षा पत्रकार समूह* ले यही अभावलाई महसूस गरेर पत्रपत्रिका र अन्य सञ्चार माध्यमलाई निरन्तर रूपमा शिक्षाका विभिन्न मुद्दा समेटिएका फिचर लेखहरूको सँगालो उपलब्ध गराउने अभियान थालेको हो। विभिन्न सञ्चार माध्यममा सक्रिय भएर शिक्षामा चासो राख्ने र स्वतन्त्र रूपमा सक्रिय पत्रकारहरूमार्फत् सकेसम्म स्तरीय लेख सामग्री जुटाइनेछ। हामीले उपलब्ध गराएको सामग्रीलाई आफ्नो पत्रपत्रिकामा स्थान दिनुभयो भने हामी आफ्नो प्रयास सार्थक भएको ठान्नेछौँ। यस सँगालोका सामग्री छापिएपछि अन्तमा शिक्षा पत्रकार समूहलाई पनि जस दिनुहुनेछ भन्ने हाम्रो विश्वास छ। प्रकाशित सामग्रीको एकप्रति यस समूहलाई उपलब्ध गराइदिनुभएमा हामीबीचको व्यवसायिक सम्बन्धले अझ झाँगिने मौका पाउनेछ। स्तरीय फिचर सेवा उपलब्ध गराउने हाम्रो प्रयास निरन्तर रहनेछ। यो फिचर सेवा ***एक्सनएड नेपाल***को आर्थिक सहयोगमा तयार भएको हो।

***शिक्षा लेख सगालो इमेलमा पनि उपलब्ध छ*** *ejgfeature@yahoo.com (Password — education)*

**सम्पादन : राजाराम गौतम**

**पत्राचारका लागि हाम्रो ठेगाना**

**शिक्षा पत्रकार समूह**

**पो.व.नं. २१८४३, फोनः ४२५७६५५**

**फ्याक्सः ४२१८६८६, अनामनगर, काठमाडौं।**

**इमेल :** ejg@ntc.net.np, or letter@ejgroup.org

**वेवसाइट :** www.ejgroup.org

# रोल्पा : सूचनाविहीन समुदाय

**राजाराम गौतम/रोल्पा**

लिवाङबासी जीतविक्रम मल्ललाई विद्यालयको व्यवस्थापन समुदायलाई हस्तान्तरण गर्ने सरकारी नीतिका बारेमा कुनै ज्ञान छैन। पेशाले वकिल मल्ल एक सचेत अभिभावक हुन् तर पनि उनलाई सरकारको यो नीतिबारे किन कुनै अत्तोपत्तो छैन ? उनी भन्छन्, "कसैले यसबारे जानकारी गराएको भए पो थाहा हुन्छ।"

सरकारी नीतिबारे अभिभावक र समाजलाई जानकारी दिने काम जिल्लास्थित सरकारी निकाय र तिनका प्रतिनिधिको हो। तर, लिवाङमा भेटिने अधिकांश शिक्षा मन्त्रालयका प्रतिनिधि समुदायलाई विद्यालय हस्तान्तरण गर्ने नीतिबारे आफैं अनभिज्ञ रहेको बताउँछन्। राजेश धिताल लामो समयदेखि रोल्पामा स्रोतव्यक्तिका रुपमा कार्यरत छन्। उनी आफैं यस नीतिको बारेमा प्रष्ट नभएको बताउँछन्। उनी भन्छन्, "म आफैंले समुदायलाई विद्यालयको व्यवस्थापन हस्तान्तरण गर्ने सरकारी नीति बुझेको छैन, अभिभावकलाई कसरी बुझाउने ?"

उनको जस्तै जस्तै अभिमत अरु स्रोतव्यक्ति र लिवाङमा भेटिएका शिक्षकको हुनेगर्छ। उनीहरू सबैको भनाई यस्तो छ, "सरकारले कुनै गृहकार्यविना नै विद्यालयको व्यवस्थापन समुदायलाई हस्तान्तरण गर्ने नीति ल्यायो।" धिताल भन्छन्, "व्यवस्थापन समुदायलाई दिंदा हुने फाइदा/बेफाइदाबारे सरकारले बुझाउन सकेको छैन।"

सरकारले ०५९ साउनदेखि प्राथमिक विद्यालयको व्यवस्थापन समुदायलाई हस्तान्तरण गर्ने नीति लागू गरेको हो। हाल सम्मा देशभरीमा करिब ११ सय विद्यालयको व्यवस्थापनको जिम्मा स्थानीय समुदायलाई सुम्पिसकिएको छ। समुदायले विद्यालयको व्यवस्थापन लिएवापत् ती विद्यालयलाई एक लाख अनुदान दिने समेत काम सरकारले गरेको छ। विद्यालयको व्यवस्थापन हस्तान्तरणको सरकारी नीति कति ठाउँमा प्रभावकारी भएको छ त कति ठाउँमा विभिन्न समस्या आएका छन्। कतिले एकलाख अनुदान दिएर सरकार जिम्मेवारीबाट पन्छेको आरोप समेत लगाएका छन्।

रोल्पाको हकमा चाहिं केही भएको छैन। यहाँका चार सय एक विद्यालयमध्ये हालसम्म एउटा विद्यालयको व्यवस्थापन पनि समुदायमा हस्तान्तरित गरिएको छैन। होस् पनि कसरी ? रोल्पाका गाउँ गाउँमा रहेका जनताले सरकारी यो नीतिबारे केही पत्तै पाएका छैनन्। अलि अलि बुझेका शिक्षकले समुदायमा हालसम्म त्यसबारे जानकारी गराउने प्रयत्नसम्म गरेका छैनन्।

०५९ भदौमा सरकारले विद्यालयको व्यवस्थापन समुदायलाई हस्तान्तरण गर्ने निर्णय गरेपछि रोल्पा जिल्लालाई पनि परिपत्र जारी गरेको थियो। त्यसै परिपत्र प्राप्त भएपछि जिल्ला शिक्षा कार्यालय रोल्पाले जिल्लाभरीका विद्यालयलाई पत्र काट्यो। २०६० भदौ २० गते स्रोतव्यक्तिहरूको बैठकले समुदायलाई विद्यालय व्यवस्थापन हस्तान्तरणको लागि पहल गर्ने निर्णय समेत गऱ्यो।

तर, हालसम्म एउटा विद्यालयको व्यवस्थापन पनि किन हस्तान्तरण हुन सकेन ? श्री बाल उदय मावि माडीचौरका प्रधानाध्यापक जितेन्द्र यादव जिल्ला शिक्षा कार्यालय (जिशिका)ले कुनै पत्र नपठाएको र सो नीति कार्यान्वयनतर्फ कुनै पहल नगरेको आरोप लगाउँछन्। रोल्पा कोट गाउँमा रहेको नेपाल प्रस्तावित माविका मानबहादुर पनि यादवसँग सहमत छन्। उनी भन्छन्, "स्रोत व्यक्ति नआएको त महिनौं बितिसक्यो। जिशिकाले त्यस्तो कुनै पनि पठाएको भए हामीलाई थाहा भइहाल्थ्यो।"

मानबहादुरको आरोपमा धेरै हदसम्म सत्यता छ। किनकी रोल्पाभरीका कुनै पनि विद्यालयले जिशिकासँग विद्यालयको व्यवस्थापन हस्तान्तरणको निम्ति पहल गरेका छैनन्। मात्रै एउटा विद्यालयले व्यवस्थापन हस्तान्तरणको लागि निवेदन दिएको छ। लिवाङको सदरमुकामबाट ४५ मिनेटको दूरीमा रहेको बागेश्वरी प्रावि, समुदायमा त्रित्रिकोटले व्यवस्थापन समुदायलाई हस्तान्तरण गर्ने प्रक्रिया अघि बढाइयोस् भनी जिशिका रोल्पामा निवेदन दिएको ६ महिना बितिसक्यो। तर, त्यस उपर पनि कुनै कारवाही भएको छैन। जिल्ला शिक्षा कार्यालय रोल्पा कै टाइपिष्ट मुखिया गोविन्दबहादुर पुनको पहलमा सो निवेदन दर्ता भएको थियो। उनी भन्छन्, "मैले कार्यालयमा सरकारको सो नीतिबारे बुझेपछि गाउँमा गई विद्यालयको व्यवस्थापन समुदायलाई हस्तान्तरण गर्ने प्रक्रिया अघि बढाउन सुझाव दिएको थिएँ।"

आखिर किन हुन सकिरहेको छैन रोल्पाको समुदायमा विद्यालयको व्यवस्थापन हस्तान्तरण ? जिशिकाका पदाधिकारी, शिक्षक, अभिभावकहरूसँगको औपचारिक/अनौपचारिक कुराकानीका आधारमा भन्ने हो भने यसको पछाडि मुख्य निम्न कारण जिम्मेवार छन्।

- समुदायसम्म सूचना नपुगेकाले,

- थाहा भएका केही शिक्षकले पनि त्यो सूचना समुदायलाई नदिएकाले,
- समुदायसँग व्यवस्थापन जिम्मा लिने हैसियत नभएकाले,
- सरकारले एक लाख अनुदान दिएपछि बेवास्ता गर्ला भन्ने भयले,
- शिक्षक संघ/संगठनले विरोध गरेकाले,
- माओवादी द्वन्द्वले गर्दा सूचना लिएर सरकारका प्रतिनिधि जान नसक्नाले ।

माओवादी अति प्रभावित रोल्पामा नियमित शिक्षा त जेनतेन चलिरहेको छ भने सरकारको समुदायलाई व्यवस्थापन हस्तान्तरण गर्ने नीति लागू गर्न गाह्रै हुन्छ । हुन त माओवादीले यो सरकारी नीतिबारे आफ्नो कुनै अभिव्यक्ति दिएका छैनन् । कुनै बैठक बस्न समेत  अनुमति' लिनुपर्ने बताउँदै एकजना स्रोतव्यक्ति भन्छन्, "माओवादीले विद्यालय भवन बनाउन दिएका छैनन् । कुनै बैठक गर्न त अनुमति लिनुपर्छ । कसरी सरकारको यो नीति लागू गर्न दिन्छन् ?"

*शिक्षा लेख सँगालो/शिक्षा पत्रकार समूह*

⁂

# कालिकोट शिक्षाको कालो पाटो

**कलेन्द्र सेजुवाल/कालिकोट**

कालिकोटको डाँफे प्रस्तावित निम्नमाध्यमिक विद्यालय र मुम्रा उपस्वास्थ्य चौकीको भवन  साझा' छ । २०५६ मा माओवादीले उपस्वास्थ्य चौकी रहेको भवन भत्काइदिएपछि त्यसयता विद्यालयकै एउटा कोठामा स्वास्थ्यचौकी सरेको छ । यसै जिल्लामा रहेको भंक प्राथमिक विद्यालय भवनको छाना पानी चुहिने र घाम छिर्ने भएको चार वर्ष बितिसक्यो । यो जस्ताको तस्तै छ । भवन हुनु र नहुनुको कुनै अर्थ छैन ।

कालिकोटको खस्किँदो शैक्षिक अवस्थाको कारण देखाउने यी दुई विद्यालय त त्यसका उदाहरण मात्र हुन् । गाई चर्ने चौर र रुखको छहारीमा बसेर पठनपाठन गराउने विद्यालय समेत कालिकोटमा नभएका होइनन् । अर्थात् यस जिल्लाका विद्यालयको भौतिक अवस्था निकै दारुण हुँदै गएको छ । एउटा असल विद्यालय निर्माणको लागि मेरुदण्ड नै मानिने भवन नै नभएपछि त्यहाँबाट कस्तो शैक्षिक प्रगतिको आशा गर्ने ?

जिल्ला शिक्षा कार्यालय कालिकोटका अनुसार, गत वर्षको प्रवेशिकामा जिल्लाभरीबाट १३ जना मात्र उत्तीर्ण भए । सम्मिलित परीक्षार्थी हेर्दा उत्तीर्ण संख्याले ५ प्रतिशत पनि नाघ्दैन । निकै निराशाजनक यस नतिजाबाट कतिपय विद्यालयमा त शिक्षकहरू विरुद्ध नाराबाजी नै भयो । कमजोर शिक्षकको कारण विद्यार्थी फेल भए भन्ने गलत मानिसकताले अभिभावकलाई उत्तेजित बनायो ।

तर, शैक्षिकस्तर वृद्धिको लागि एउटा असल शिक्षकको जति भूमिका हुन्छ, त्यति नै विद्यालयमा भौतिक एवं शैक्षिक साधनको समेत प्रयाप्तता आवश्यक पर्दछ भन्नेमा न त सरकारले महशुस गरेको देखियो न त अभिभावकले नै । उल्टै सरकारले तीन वर्षसम्म लगातार निल (शून्य) हुने विद्यालयहरूलाई नसियतसहित अनुदान कटौती गर्ने दुर्भाग्यपूर्ण नीति कार्यान्वयन गर्‍यो । यसले गर्दा सरकारबाट थोरै भरोसा पाएका कालिकोटका सरकारी विद्यालयहरूको शैक्षिक अवस्था झन् खस्किने सम्भावना बढेको छ ।

भंक प्राथमिक विद्यालयका शिक्षक धर्मराज कठायत विद्यालयको छाना नै नभएपछि चर्को घाम लागेको दिन र पानी परेको दिन पठनपाठन नै बन्द गर्नुपरेको दुःखेसो गर्दछन् । "पढाई हुने जम्मा दिनको आधा भाग पनि पढाई हुँदैन भने विद्यार्थीहरूले कसरी सिक्न सक्दछन् ?" कठायत प्रश्न गर्छन् । उनी थप्छन्, "त्यसमा पनि शैक्षिक सामग्रीको त नाम निशाना नै छैन ।"

केही वर्ष पहिलेसम्म अभिभावकहरूले छाना मर्मत गर्ने गरेको भएता पनि पछिल्लो समय सरकारबाट क्रोधित भई अभिभावकहरूले त्यसतर्फ बेवास्ता गरेको अभिभावक रज ऐडीले बताए । स्वास्थ्य चौकीलाई समेत आफ्नै भवनमा राख्न बाध्य पारिएको डाँफे प्रस्तावित माविका एक शिक्षक भन्छन्, "विभिन्न किसिमका बिरामीहरू आउने क्रमले गर्दा पठनपाठनमा बाधा पुगेको मात्र छैन, विद्यार्थीहरूलाई समेत मानसिक तनावले सताएको छ ।

बिरामीले चिच्याहट बनेको वातावरणबीच अध्ययन गरेका बालबालिकाहरूले के सिक्लान्  र राष्ट्रले तिनीहरूबाट कस्तो आशा राख्ला ?"

स्थानीय पत्रकार अजयराज वमको शब्दमा "रुखको छहारीमा र गाई चर्ने चौरमा पढाई हुने विद्यालयको अवस्था नाजुक र कहालीलाग्दो छ।" जिल्लाका २० माविसहित करिब २ सय विद्यालयहरूले सरकारबाट नाम र स्वीकृति त पाएका छन् तर सहयोग र सद्भाव भने अहिलेसम्म पाउन सकेका छैनन् ।"

वर्षेनी विद्यालय अनुदानको नाममा आउने लाखौं रुपैयाँ खर्च भएको भनी फछ्र्यौट गरिंदा र शैक्षिक अवस्था जहाँको तहीं रहँदा समेत त्यसको वास्तविकताबारे सरकारले खोजविन गरेको पाइदैंन । "त्यति मात्र होइन, अन्तर्राष्ट्रिय दातृसंस्थाहरूबाट शैक्षिक सुधारको लागि आउने रकम कालिकोटमा बालुवामा पानी खन्याए झैं भएको छ।" पत्रकार बमले भने, "दश वर्ष अघि निर्माण भइसकेको विद्यालय भवन चालू वर्षमा चलाएको झुठो बिल पेश गरेर सरोकारवालाहरूबीच नै रकम बाँडफाँड गर्ने काम हुन्छ भने गाई चर्ने चौर र रुखको छहारीमा पढाई संचालन गर्ने विद्यालयले केको अनुदान पाउनु ?" यसबारेमा जिल्ला शिक्षा कार्यालयका एक कर्मचारी भन्छन्, "यदी सरकारी तथा अन्तर्राष्ट्रिय क्षेत्रबाट आएको अनुदान रकम सदुपयोग हुने हो भने यहाँको शैक्षिक स्वरुप नै परिवर्तन हुनसक्छ ।"

*शिक्षा लेख सँगालो/शिक्षा पत्रकार समूह*

## नाम मात्रैको अनौपचारिक शिक्षा

**प्रकाश सिलवाल/काठमाडौं**

नुवाकोट गेर्खुकी ६६ वर्षीया श्रीदेवी कोइरालाले दुई वर्षअघि प्रौढ कक्षा पढेकी थिइन् । त्यो बेला त उनी जेनतेन पढ्न जान्दथिन् अहिले सबै बिर्सिइसकिन् । नेपालको कूल साक्षारता प्रतिशत ५३ दशमलव ७ भित्र त पर्छिन्, तर उनले अक्षर चिन्ह र लेख्न जान्दिनन् ।

सो गाविसमा अनौपचारिक शिक्षाको कार्यक्रम' संचालन भएपछि उनले अनौपचारिक शिक्षा लिएकी थिइन् । उनीसँगै सयौ स्थानीय बालबालिका, युवा तथा प्रौढहरू अनौपचारिक शिक्षामा सहभागी बने । अधिकांशले अक्षर लेखेर खान पाइने होइन' भन्दै पाएको ज्ञानलाई प्रयोगै गरेनन् । त्यसैले आनौपचारिक शिक्षाको कार्यक्रमले पनि निरन्तरता पाएन ।

नेपालमा अनौपचारिक शिक्षा कार्यक्रमले साढे चारदशक पार गरेको छ । तथ्याकंमा हेर्दा प्रत्येक वर्ष साक्षरताको संख्या वृद्धि हुँदै गएको छ भने त्यसमाथिको सरकारी गैरसरकारी लगानी पनि घटेको देखिदैन । तर परिणाम नुवाकोटको गेर्खुकै जस्तो छ । अर्थात् अनौपचारिक शिक्षामा भएको लगानी बालुवामा पानी' हाले सरह भएको छ ।

शिक्षा मन्त्रालयका सचिव विद्याधर मल्लिक स्वयं अनौपचारिक शिक्षा परिणाममुखी नभएको स्वीकार्छन् । उनी भन्छन्, "हामीमा इमान्दारिताको प्रश्न उठेको छ । औपचारिकको प्रतिशत हटाउने हो भने साक्षारता प्रतिशतको हविगत डरलाग्दो हुन्छ ।" शिक्षाविद्हरूका अनुसार, अनौपचारिक शिक्षा प्रभावकारी नहुनुमा यस कार्यक्रमको फलो अप' नहुनु, ठोस निति निर्माणमा नहुनु, सरकारी र गैरसरकारी संस्थाहरूबीच समन्वय नुहनु, शिक्षा लिनेहरूमा लगावको भावना विकसित नगाराइनु, निरन्तर र सशक्त अनुगमन नहुनु, राजनीतिकरण हुनु, आयमूलक र व्यवहारिक नहुनु, तथा कार्यक्रममा औपचारिक शिक्षामा कार्यरत विद्यालय शिक्षक वर्गको सहभागिता नहुनु हो ।

शिक्षाविद् डा. शिवराज लोहनी भन्छन्, साक्षरताका लागि गरिएको लगानी उत्पादक हुनसकेको छैन । त्यसै खेर गइरहेछ ।' श्री षोडषादेवी मावि अछामका प्रधानअध्यापक मदनबहादुर कुँवर, अनौपचारिक शिक्षा सम्बन्धी सरकारी कार्यक्रम राजनीतिक दल र नातागोताका अफन्तलाई भत्ता खुवाउनेमा परिणत भएको वताउँछन् ।

शिक्षा तथा खेलकुद मन्त्रालय मातहतको अनौपचारिक शिक्षा केन्द्रका अनुसार हाल नेपालको कुल साक्षरता प्रतिशत ५३.७ प्रतिशत रहेको छ भने यसमा पुरुष ६५.१ र महिलाको ४२.५ प्रतिशत रहेको छ । सवैभन्दा कम साक्षरता भएको जिल्ला हुम्ला हो, जसमा २६.६ प्रतिशत मात्र साक्षरत रहेको छ । ४४ प्रतिशत साक्षर भएको

जिल्लाको संख्या २३ वटा रहेको छ। सबैभन्दा बढी साक्षरता भएको जिल्लामा काठमाडौं पर्छ, जसमा ७७.१ प्रतिशत साक्षर छन्।

केन्द्रका अनुसार,आर्थिक वर्ष २०५४/०५५ मा ७ करोड ४० लाख ९३ हजार, ०५५/०६५ मा १० करोड २३ लाख ७५ हजार, ५६/५७ मा १० करोड ५० लाख, ०५७/०५८ मा ९ करोड २३ लाख ४४ हजार र ०५८/०५९ मा ९ करोड ८० लाख ६९ हजार अनौपचारिक शिक्षामा लगानी गरिएको छ। यसको अर्थ अहिलेसम्म अनौपचारिक शिक्षाका नाममा अर्बौं रकम खर्च भइसकेको छ।

उपलब्धी भने लगानी अनुरुप नभएको तथ्यांकले नै देखाउँछ। साक्षरता प्रतिशत भने सन् १९८० मा ३३ दशमलव ५, १९९० मा ३९ दशमलव ५, १९९८ मा ४८ दशमलव ५ र अहिले ५३ दशमलव ७ प्रतिशत छ। २००७ सालमा दुईप्रतिशत साक्षर हुँदा निरक्षरहरूको संख्या ५८ लाख थियो। हालको साक्षर प्रतिशतलाई आधार मान्दा निरक्षरको संख्या डेड करोडको हाराहारिमा पर्छ।

यो तथ्यांकलाई शिक्षाविद्हरू सही ठहऱ्याउँदैनन्। शिक्षाविद् डा. शिवराज लोहनी सरकारले लाज ढाकछोप गर्न साक्षरता प्रतिशत वृद्धि गरेको आरोप लगाउँछन्। उनी भन्छन्, “मुलुकको साक्षरता प्रतिशतमा अनौपचारिक शिक्षाले भन्दा औपचारिक शिक्षाले वृद्धि गरेको छ।”

अर्का शिक्षाविद् विद्यानाथ कोइरालाको भनाईमा अनौपचारिक शिक्षाका केही फाइदा र केही नोक्सानी दुवै छन्। उनी थप्छन्, “साक्षरता प्रतिशत बढाउन सरकारले लगानी सँगै बुद्धि विवेक पनि खर्च गर्नुपर्छ।” अनौपचारिक शिक्षाको प्रगति सन्तोषजनक नदेखिनुमा धेरै हदसम्म सरकार नै जिम्मेवार छ। साक्षरता अभियानमा लागेका गैरसरकारी क्षेत्रको लगानी र उपलब्धीको संयोजन गर्न सकेको छैन। एक्सन एड, नेपालकी कार्यक्रम प्रमुख लतिका प्रधान भन्छिन्, “जबसम्म साक्षरता अभियानलाई एउटै द्वारबाट अगाडि बढाइदैंन, तबसम्म राम्रो परिणामको कल्पना गर्न सकिदैंन।”

*शिक्षा लेख सँगालो/शिक्षा पत्रकार समूह*

)()(

# अनपढ आमाहरूको सन्तान पढाउने धोको

**विमला तुम्खेवा/काठमाडौं**

गीता दुलाललाई आफूले नपढेकोमा पछुतो लाग्छ। उनलाई पढेकाहरूले गरेको काम र पैसा कमाएको देख्दा आफू पनि त्यस्तै बन्न पाए हुन्थ्यो भने भैं लाग्छ। तर, उनको त्यो मनोगत आंकाक्षा मनभित्रै कुण्ठित भएको छ। वास्तवमा गीताले चाहेर नपढेकी होइनन्, उनलाई परिवारले पढाएन। उनी भन्छिन्, “छोरालाई पढाउँथे तर छोरी स्कुल गई भने बोक्सी हुन्छे भनेर स्कुल जानै दिएनन्।”

उनका दुईजना दाजुहरूले चाहिं बी.ए.सम्म पढेका छन्। दाजुहरूले पढेको देखेर नै उनले आफ्नो नामसम्म लेख्न जानेकी छिन्। भन्छिन्, “आमाले पढ्न दिनु हुँदैनथ्यो तर म दाजुहरूले पढेको लुकीलुकी हेर्थें त्यसैले कनिकुथी साँवा अक्षर चाहिं चिन्छु।” काभ्रेपलाञ्चोक घर भई काठमाडौं भीमसेनगोलामा अढाई वर्षदेखि बसोबास गरिरहेकी उनी अहिले ५८ वर्ष पुगिसकिन्।

आफूले पढ्न नपाए पनि आफ्ना सन्तानलाई पढाइरहेकी उनी अहिले बानेश्वर भीमसेनगोलामा रहेको एउटा गार्मेन्ट कारखानामा धागो कात्ने काम गर्छिन्। जसवापत् उनले मासिक ३ हजार जति कमाउँछिन् पनि। उनका श्रीमान् पनि त्यही नजिकै सब्जी व्यवसाय गर्छन्। नपढेका यी दम्पतीको कमाईले एक छोरा र दुई छोरीको लालनपालन मात्रै होइन जेनतेन पढाइ खर्च समेत धान्ने गरेको छ। गीता भन्छिन्, “आफूले नपढेर दुःख पाइयो तर आफ्ना सन्तानलाई आफूले भोगे जस्तो जिन्दगी नहोस् भनी दुःखजिलो गरिदैंछु।”

गार्मेन्टमा उनी जस्तै धागो कात्ने अरु आइमाइले पनि पढेका छैनन्। अर्की अधवैंशे सरस्वती बस्नेतले नपढ्नुको पछाडि उनी आफैं जिम्मेवार छिन्। उनको परिवारले उनी सानो छँदा पढाउने कोशिस नगरेको होइन। “मलाई विद्यालय जानै मन लाग्दनथ्यो,” उनी भन्छिन्।

उनका बुबा भारतीय सेनामा भएकाले उनको बाल्यकाल कलकत्तामा बित्यो । पढ्न जाने वातावरण र अवस्था दुवै थियो । उनी दुई वर्षसम्म विद्यालय पनि गइन् तर त्यो अवधिमा साँवा अक्षर पनि नचिनेपछि र पढाइप्रति खासै अभिरुचि नजागेपछि उनले विद्यालय जानै छोडिदिइन् । अहिले जिन्दगीलाई पछाडि फर्कँदा सरस्वतीलाई पढेको भए पनि हुन्थ्यो भ्रैं लाग्छ । उनी भन्छिन्, "मैले पढिनँ तर आफ्ना सबै छोराछोरीलाई राम्रोसँग पढाएको छु ।"

भीमसेनगोलाको यो गार्मेन्टमा कम्तिमा ३ दर्जन यस्तै महिलाहरू छन् । जो विविध कारणले पढ्न नपाएका र नपढेका छन् । प्रायःजसो काठमाडौं बाहिरबाट आई अस्थायी बसोबास गरिरहेका यी अनपढ आइमाइहरूको एउटै इच्छा चाहिं आफ्ना छोराछोरीलाई जसरी भए पनि पढाउने भन्ने नै छ । त्यसैको लागि यी आमाहरू दिनमा ८ घण्टा धागो कात्ने, टाँकको बटम लगाउने आदि काम गर्छन् ।

त्यसो त गार्मेन्टमा काम गर्ने कोही कोही पढेका पनि छन् । मोरङ्ग शनिश्चरे घर भई मैतीदेवी बस्दै आएकी योगमायाले एसएलसी पास गरेकी छिन् । पढे अनुसारको जागिर नपाएपछि उनी जिविकाको लागि धागो कात्ने, मेशिन चलाउने गर्छिन् । उनी भन्छिन्, "देशमा धेरैजसो महिलाले पढ्न नपाएकोले मजदुरी गर्नुपर्ने बाध्यता छ ।" अरु महिला कामदारको दाँजोमा पढेकी योगमायाको गुनासो छ, "सरकारले साक्षरता कार्यक्रमको नाममा कति रकम खर्चिसकेको छ तर गार्मेन्टमा काम गर्ने मजदुरको निम्ति केही वास्ता गरेको छैन ।"

हुनपनि सरकारी, गैरसरकारी तवरमा प्रौढ शिक्षा, अनौपचारिक साक्षरता कार्यक्रमका नाममा करोडौं रुपैयाँ वर्षेनी खर्च हुनेगर्छ । तर योजनाकारका आँखामा अहिलेसम्म पनि सहरको बीचैमा बसेर काम गरिरहेका यस्ता मजदुर आइमाइतिर पुग्न सकेको छैन ।

श्री ५ को सरकारले शिक्षाको पहुँच समाजको तल्लो र विपन्न वर्गसम्म पुऱ्याउने बताएको छ तर भीमसेनगोलाको गार्मेन्टमा काम गरिरहेका महिलाको जीवनमा सरकारी योजनाको कुनै प्रभाव परेको छैन । महिलावादी डा. दुर्गा पोखेल भन्छिन्, "समस्या नै कार्यान्वयनमा छ । सरकारले योजना नबनाएको होइन । तल्लो आर्थिक हैसियतमा महिलालाई साक्षर बनाउन रकम छुट्टिएको हुन्छ तर सही कार्यान्वयन हुँदैन ।"

सरकारी यही लापरवाहीका कारण गीता दुलालजस्तै अरु धेरै महिलाले साँवा अक्षरसम्म चिन्न पाएका छैनन् । भीमसेनगोलाको गार्मेन्टमा काम गरिरहेका सुकमाया तामाङ या विष्णु गुरुङ्ग सबैको एउटै धोको छ आफूले पढ्न नपाए पनि आफ्ना सन्तानको पठनपाठन राम्रोसँग गर्ने ।

*शिक्षा लेख सँगालो/शिक्षा पत्रकार समूह*